कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

कलैया, बारा
मधेश प्रदेश, नेपाल
२०७३

# कलैया राजपत्र

खण्ड ६ संख्या: मिति: २०८१/२/६

भाग-२

# कलैया उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७५

## (प्रथम संषोधन २०८१)

कलैया उपमहानगरपालिका

कलैया, बारा

मधेश प्रदेश

नेपाल

# कलैया उपमहानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५( प्रथम संषोधन २०८१)

**प्रस्तावना**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी कलैया उपमहानगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस कलैया उपमहानगरपालिकाको प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा तपसिल बमोजिमको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

**समिति**

| | |
|---|---|
| १. उपप्रमुख | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. इन्जिनियर | सदस्य |
| ४. राजस्व शाखा प्रमुख | सदस्य |
| ५. प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख-प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत तपसिल बमोजिमको वा आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

CamScanner

### "घ" वर्गको इजाजतपत्र दस्तुर

| क्र.स. | निर्माण व्यवसायीको वर्ग | नयाँ इजाजतपत्र वा नविकरण दस्तुर ( पाचँ वर्षको) | इजाजतपत्र प्रतिलिपि दस्तुर ( पाचँ वर्षको) | इजाजत नामसारी दस्तुर | इजाजत ठाँउसारी दस्तुर | इजाजतपत्रको नविकरण थप दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | "घ" | रु १०००० | रु २००० | रु २००० | रु २००० | रु २००० |

**(३) इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित कलैया उपमहानगरपालिकावाट दफा २ को उपदफा ४ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न उपमहानगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न उपमहानगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा दफा २ को उपदफा ४ बमोजिमको थप दस्तुर लिई नवीकरण गरिनेछ । इजाजतपत्रको म्याद नाघेको हकमा तपसील बमोजिमको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

| क्र.स. | विवरण | दस्तुर | अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | इजाजतपत्रको म्याद नाघेको छ महिना भित्र इजाजत पत्र नविकरण थप दस्तुर | =१०,०००+२,०००=१२,००० | ५ वर्ष | |
| २ | इजाजतपत्रको म्याद नाघेको छ महिना देखि एक वर्षसम्मको लागि इजाजत पत्र नवीकरण दस्तुरको थप एक सय प्रतिशत दस्तुर | =१०,०००+१०,०००=२०,००० | ५ वर्ष | |

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७२

बिनोद प्रसाद साह
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | एक वर्ष देखि तिन वर्षसम्मको लागि इजाजत पत्र नवीकरण दस्तुरको थप दुई सय प्रतिशत दस्तुर | =१०,०००+२०,०००=३०,००० | ५ वर्ष | |
| ४ | तिन वर्ष देखि पांच वर्षसम्मको लागि इजाजत पत्र नवीकरण दस्तुरको थप तीन सय प्रतिशत दस्तुर | =१०,०००+३०,०००=४०,००० | ५ वर्ष | |

**४) इजाजतपत्रको खारेजी :**

१) देहायको अवस्थामा उपमहानगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत: खारेज हुनेछ ।

(४) जिल्ला समन्वय समिति (साविक जिल्ला विकास समिति) बाट वितरण गरिएका "घ" वर्गका इजाजत पत्र लिएकाहरुका लागि यस उपमहानगरपालिकामा दर्ता गर्नु पर्नेछ र सो नयाँ दर्ता गर्ने सरहको प्रक्रिया अपनाईन्छ ।

(५) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा उपमहानगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा दफा २ को उपदफा ४ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**६) नामसारी सम्बन्धी व्यवस्था :**

कुनै निमार्ण व्यवसायीले आफूले प्राप्त गरेको प्रमाण पत्र अन्य कुनै व्यक्तिलाई नामसारी गर्नु परेमा दफा २ को उपदफा ४ बमोजिमको दस्तुर बुझाई नामसारी गर्न सक्नेछ । यसरी नामसारी गर्नु पूर्व स्वामित्व ग्रहण गर्ने व्यक्तिले अनुसूची ५ बमोजिमको योग्यता पूरा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

मधेश प्रदेश, नेपाल
२०७४

बिजय प्रसाद साह
नगर प्रमुख

CamScanner

**७) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८) बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२०८१।२।१३